मिति: सोमबार, अक्टोबर १२, २०२६

लागि: *UW–Madison* का सबै संकाय तथा कर्मचारीहरू

बाट:
Jeff Novak
योगदानको अभियान (*Partners in Giving*) विश्वविद्यालय संयुक्त अभियान समितिका सह अध्यक्ष
संयुक्त उपकुलपति, *University Housing*

Nikki Davis
योगदानको अभियान (*Partners in Giving*) विश्वविद्यालय संयुक्त अभियान समितिका सह अध्यक्ष
कर्मचारी प्रमुख, अन्तर्राष्ट्रिय विभाजन

विषय:

बलियो समुदाय बनाउनुहोला: योगदानको अभियानमा साथ दिनुहोला !

आदरणीय सहकर्मीहरू,

हरेक शरद सेमेस्टरमा, *Partners in Giving* — राज्य, *Universities of Wisconsin* तथा *UW Health* का कर्मचारी र अवकाश लिएका व्यक्तिहरूका लागि कार्यस्थलको एक वार्षिक योगदान अभियानले — हाम्रा समुदायहरू र ती बाहेक सयौं स्थानीय, राज्य, राष्ट्रिय र अन्तर्राष्ट्रिय परोपकार संस्थाहरूलाई समर्थन गर्न हाम्रो क्याम्पसलाई एकजुट गराउँदछ।

अक्टोबर १२ तारिखमा, हामी यस वार्षिक परम्परा शुरूवात गर्दै तपाईंलाई हामीसँग मिलेर "बलियो समुदाय बनाउन" आमन्त्रण गर्दछौं।

किन योगदान गर्ने?

हाम्रो क्याम्पसलाई परिभाषित गर्ने उदारता र सेवाको भावनाका साथ, विश्वविद्यालयका तपाईं जस्ता हजारौं कर्मचारीहरू सहकर्मीहरूसँग मिलेर हाम्रो समुदाय र बाहिर *Partners in Giving* ले प्रदान गर्ने मित्रता, सामुदायिक भावना र सकारात्मक प्रभावलाई बलियो बनाउनुहुन्छ।

अघिल्लो वर्ष मात्रै, *Partners in Giving* ले $२ मिलियन डलर भन्दा बढी उठायो। अनि सन् १९७३ देखि, यस अभियानले स्थानीय, राज्य, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समुदायहरूलाई सुधार गर्न काम गर्ने सयौं परोपकारी संस्थाहरूलाई समर्थनका साथ सामूहिक रूपमा $९२ मिलियन डलर भन्दा बढी रकम जुटाएको छ।

यस वर्षको लगभग ४०० भन्दा बढी परोपकारी संस्थाहरूको सहभागिताका कारण "बलियो समुदाय बनाउन" — अनि तपाईंलाई ठीक लाग्ने परोपकारी संस्थाहरूलाई समर्थन गर्न कैयौँ चयनहरू छन्।

कसरी योगदान गर्ने

giving.wi.gov वेबसाईटमा जानुभएर कसरी योगदान गर्ने थाहा पाउनुहोला।

- शरद सेमेस्टरको सक्रिय अभियान अक्टोबर १२ तारिखदेखि डिसेम्बर १ तारिख सम्मको छ, तर योगदानहरू मे १५, २०२७ सम्म स्वीकार गर्न सकिन्छ। तलब कटौती मार्फत योगदान गर्न चाहनुहुन्छ भने, तपाईंको निर्णय शरद सेमेस्टरको अभियानको मिति भित्रमा प्रदान गरिनुपर्छ।
- तपाईंले अन्लाईन *e-pledge* वा हुलाक मार्फत पठाउन मिल्ने फाराम मार्फत योगदान गर्न सक्नुहुन्छ।
- तपाईंले आफ्नै परोपकारी संस्थाहरू रोज्नुहुन्छ — वा सामूहिक संस्था रोज्ने चयन पाउनुहुन्छ जसले तपाईंको योगदान विभिन्न संस्थामा वितरण गर्नेछन्।

क्याम्पस सम्बन्धहरू

अभियानलाई समर्थन गर्न क्याम्पसभरि दर्जनौँ सहकर्मीहरू स्वयंसेवकको रूपमा काम गरिरहनु भएको छ। तपाईंले आगामी हप्ताहरूमा कार्यक्रम वा मैत्रीपूर्ण प्रतियोगिताहरूको बारेमा यी स्वयंसेवकहरूबाट सञ्चारहरू, साथै अभियानको बारेमा महत्त्वपूर्ण जानकारीहरू देख्न सक्नुहुन्छ। युनिट स्तरीय कार्यक्रमहरूमा भाग लिनु सम्बन्ध र साझा उद्देश्यको उत्सवको एउटा उत्कृष्ट अवसर हो!

कृतज्ञताका केही शब्दहरू

Partners in Giving अभियान मार्फत सामूहिक प्रभाव पार्न हामीसँग सामेल हुनुहुने सबै प्रति हामी आभारी छौं। हामी यस क्याम्पसका सदस्यहरूले समुदायमा योगदान पुऱ्याउने विविध तरिकाहरूलाई पनि मान्यता दिन्छौं र प्रशंसा गर्छौं, यो बुझेर कि आर्थिक उपहार सधैँ सम्भव हुँदैन वा योगदान पुऱ्याउनका लागि मनपर्ने तरिका होइन। तपाईं आफ्नो पैसा, समय वा प्रतिभा

मार्फत *Partners in Giving* वा अभियान बाहिरका परोपकारी उद्देश्यहरूको समर्थन गर्दै हुनुहुन्छ भने हामी तपाईंले क्याम्पस र समुदायमा ल्याउनुभएको सेवाको भावना प्रति आभारी छौं।

मिलेर "बलियो समुदाय बनाउन" सहयोग गर्नुभएकोमा धन्यवाद।

भवदीय,

Jeff Novak र Nikki Davis